नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : प्र. ३११-४८९८

मिति: २०७६/१२/२०

विषयः कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।

श्री प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै) ।
श्री प्रमुख जिल्ला अधिकारी (सबै) ।
श्री जिल्ला समन्वय अधिकारी (सबै) ।
श्री प्रमुख प्रशासकीय अधिकृत (सबै) ।

नेपाल सरकार (मन्त्रिपरिषद्) ले मुलुकभर कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारलगायतका कार्यहरू प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक रूपमा गर्नका लागि एक सशक्त र प्रभावकारी संयन्त्रको रूपमा Crisis Management Center स्थापना गरी कार्यसञ्चालन गरिरहेको छ । सोहीअनुसार यसैसाथ संलग्न कार्यदिशसहितको संरचना निर्माण गरी प्रभावकारी र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

(महेन्द्रप्रसाद गुरागाईं)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

**प्रादेशिक संरचना**

१. मुख्यमन्त्री

२. सामाजिक विकास मन्त्री

३. आन्तरिक मामिला तथा कानून मन्त्री

४. आर्थिक मामिला तथा योजना मन्त्री

५. प्रमुख सचिव

६. प्रमुखहरू

   (क) नेपाली सेना

   (ख) नेपाल प्रहरी

   (ग) सशस्त्र प्रहरी बल, नेपाल

   (घ) राष्ट्रिय अनुसन्धान विभाग

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको पालिकाको प्रमुख

**प्रादेशिक संरचनाको लागि कार्यदेश**

(क) कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने ।

(ख) औषधि उपकरण तथा स्वास्थ्य सामग्रीलगायत आवश्यक वस्तु वा सेवाको आपूर्तिको व्यवस्थापन र अनुगमन गर्ने ।

(ग) आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने ।

(घ) अस्पतालहरूमा मापदण्डअनुसारको Isolation र ICU को व्यवस्थापन गर्ने।

(ङ) मापदण्डअनुसारको Quarantine को निर्माण तथा व्यवस्थापन गर्ने ।

(च) COVID-19 Crisis Management Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गर्ने।

## जिल्लागत संरचना

१. प्रमुख जिल्ला अधिकारी
२. जिल्ला समन्वय अधिकारी
३. जिल्ला सुरक्षा समितिका अन्य पदाधिकारीहरू
४. जिल्ला सदरमुकाममा रहेका सरकारी अस्पतालको प्रमुख

## सल्लाहकार समूह

१. जिल्ला समन्वय समितिको अध्यक्ष
२. नगर र गाउँपालिका महासंघको जिल्ला अध्यक्ष

## जिल्लास्तरीय संरचनाको लागि कार्यदिश

(क) कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने ।

(ख) औषधि उपकरण तथा स्वास्थ्य सामग्रीलगायत आवश्यक वस्तु वा सेवाको आपूर्तिको व्यवस्थापन र अनुगमन गर्ने ।

(ग) आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने ।

(घ) अस्पतालहरूमा मापदण्डअनुसारको Isolation र ICU को व्यवस्थापन गर्ने।

(ङ) मापदण्डअनुसारको Quarantine को निर्माण तथा व्यवस्थापन गर्ने ।

(च) Patient Receiving Team (PRT) गठन गरी बिरामीहरूलाई अस्पतालसम्म पुऱ्याउने ।

(छ) स्थानीय तहहरूबाट सूचना संकलन गरी गराई राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र (National Emergency Operation Center-NEOC) र स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Center-HEOC) मार्फत् COVID-19 Crisis Management Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गर्ने ।

(ज) जिल्लाभित्र रहेका सरकारी, सामुदायिक र निजी सबै एम्बुलेन्सहरूको लगत तयार गरी पालिकाहरूलाई आवश्यकताअनुसार एम्बुलेन्स सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**पालिकास्तरीय संरचना**

१. पालिकाका प्रमुख/अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत
३. स्वास्थ्य संयोजक
४. सुरक्षा निकायका प्रतिनिधि

**पालिकास्तरीय संरचनाको लागि कार्यादेश**

(क) कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने ।

(ख) औषधि उपकरण तथा स्वास्थ्य सामग्रीलगायत आवश्यक वस्तु वा सेवाको आपूर्तिको व्यवस्थापन गर्ने ।

(ग) आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने ।

(घ) मापदण्डअनुसारको Quarantine को निर्माण तथा व्यवस्थापन गर्ने ।

(ङ) पालिकाभित्र विदेश तथा अन्यत्रबाट आएका व्यक्तिहरूको विवरण तयार गरी Tracking, Tracing र Monitoring गर्ने र विदेशबाट आएकाहरूलाई अनिवार्य रूपमा Quarantine मा राख्ने ।

(च) पालिकाभित्र कोभिड-१९ को लक्षणहरू देखिएका व्यक्तिहरूको विवरण तयार गरी Tracking, Tracing, Monitoring गर्ने र अस्पताल लैजाने व्यवस्था गर्ने ।

(छ) स्थानीय तहमा रहेका एम्बुलेन्सहरू आवश्यकताअनुसार परिचालन गर्ने।

(ज) स्थानीयस्तरबाट सूचना संकलन गरी गराई राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र (National Emergency Operation Center-NEOC) र स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Center-HEOC) मार्फत् COVID-19 Crisis Management Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गर्ने ।

(झ) आवश्यकताअनुसार स्थानीय स्वयंसेवकहरू परिचालन गरी रोकथाम र नियन्त्रण तथा उपचारमा सहयोग र सहजीकरण गर्ने ।

(ञ) स्थानीय बजारका खाद्यान्नलगायतका अत्यावश्यक सामग्रीको बिक्री वितरण गर्दा मास्क, स्यानिटाइजर, साबुनपानीको व्यवस्था तथा सामाजिक दूरी (एक आपसमा कम्तिमा ३ फिट) कायम राख्न लगाउने र राखेको यकिन गर्ने ।